# पार्वती कुण्ड
## रसुवा

संरक्षणमा धर्म, संस्कृति र परम्पराको महत्व



जुन २००७

डब्लु डब्लु एफ नेपाल द्वारा प्रकाशित यस प्रकाशनको पूर्ण अथवा आंशिक अंश पुनः प्रकाशन गर्नु परे शीर्षक तथा प्रकाशकमा निहित सर्वाधिकार अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।

सर्वाधिकारः डब्लु डब्लु एफ नेपाल, २००७, पार्वती कुण्ड - संरक्षणमा धर्म, संस्कृति र परम्पराको महत्व

तयार गर्ने : डब्लु डब्लु एफ नेपाल / कमल कुमार साम्पाङ्ग (राई)
तस्विर : डब्लु डब्लु एफ नेपाल / कमल कुमार साम्पाङ्ग (राई) / झमक बहादुर कार्की
सम्पादन : झमक बहादुर कार्की (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग)
एलिजा स्थापित (डब्लु डब्लु एफ नेपाल)

Disclaimer: This publication is solely based on the perceptions of the local indigenous people and does not necessarily reflect the opinions held by the WWF Nepal.



## राष्ट्रिय प्रतिनिधिको सन्देश

सिमसार पारिस्थितिक प्रणालीको एक महत्वपूर्ण अंग हो । सिमसारले पानीको भण्डारण  र स्वच्छीकरण गर्ने, स्थानिय वासिन्दाहरुलाई विभिन्न प्रकारका श्रोत उपलब्ध गराउने, विभिन्न दुर्लभ वन्यजन्तु एवं वनस्पतिलाई वासस्थान प्रदान गर्ने र धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकिय स्थलको रुपमा अतुलनिय भूमिका निर्वाह गरेको हुन्छ ।

नेपाल अनेकौं महत्वपूर्ण सिमसारको धनी राष्ट्र भएता पनि अझै यी सिमसारहरुको खोज र महत्वको विश्लेषण हुन बाँकी नै रहेको छ । तराईको कतिपय सिमसारको सर्वेक्षण तथा अनुसन्धान भई दस्तावेजहरु तयार भैसकेको छ, तर पहाडी क्षेत्रमा अवस्थित धेरै जसो सिमसारहरुको अवस्थाबारे हामी अनभिज्ञ छौं । यही जानकारीको कमिलाई परिपूर्ति गर्न डब्लु डब्लु एफ नेपालको स्वच्छ जल सम्पदा कार्यक्रम अग्रसर भएको छ ।

स्वच्छ जल सम्पदा कार्यक्रमले हाल उच्च हिमाली क्षेत्रमा रहेका सिमसारहरुको विवरण तयार गर्ने क्रम अगाडी बढाएको छ । यसै सन्दर्भमा प्रस्तुत पुस्तिकाले परम्परागत रुपले जीवन यापन गर्दै आएका आदिवासी जनजातीहरुले धार्मिक, ऐतिहासिक र सांस्कृतिक आस्था एवं विश्वासका आधारमा ती क्षेत्रका संरक्षण तथा उपयोग गरेको जिवन्त उदाहरणहरु प्रस्तुत गरेको छ ।

यो अनुसन्धान अगाडी बढाउन प्राविधिक रुपले सहयोग गरिदिनु भएकोमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र आर्थिक सहयोग गरिदिनु भएकोमा डब्लु डब्लु एफ नेदरल्याण्ड्स/डब्लु डब्लु एफ ईन्टरनेशनल र डब्लु डब्लु एफ युके प्रति डब्लु डब्लु एफ नेपाल हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

अन्त्यमा यस किसिमको विवरण संकलन र सो को प्रकाशनबाट अन्य क्षेत्रका सिमसारहरुको संरक्षण, सम्बर्धन र वुद्धिमत्ता उपयोग गर्न सघाउ पुऱ्याउने छ भन्ने मैले अपेक्षा गरेको छु ।

Manandhar

अनिल  मानन्धर
राष्ट्रिय प्रतिनिधि
डब्लु डब्लु एफ नेपाल



वाग्मती अञ्चलको उत्तर तिब्बती सीमाना सम्म फैलिएको जिल्लाहरु मध्ये हिमाली जिल्ला रसुवा पनि एक हो । 'र' भनेको भेडा, च्याङग्रा र 'सेवा' भनेको चराउने ठाउँ (खर्क) जस्ता शब्दार्थबाट नामाकरण भएको रसुवा जिल्ला गणेश, लाङ्गटाङ्ग, लिरुङ, याला पिक आदि पवित्र हिमालको काखमा अवस्थित छ । अर्को शब्दमा कुण्डै कुण्ड भएको जिल्ला भने पनि हुने यस रसुवामा १०९ वटा भन्दा ज्यादा धार्मिक कुण्डहरु पाइन्छ भनिन्छ ।





लाङ्गटाङ्ग हिमालको पश्चिम तर्फ समुद्री सतहबाट लगभग २,५00 मीटर उचाईमा ऐतिहासिक गतलाङ्ग गा.वि.स रहेको छ । तामाङ्ग जातीहरुको परम्परामा आधारित भेषभुषा, रहन सहन र जीवन शैली भएको गतलाङ्ग सानो, गुजुमुज्ज र सुलुत्त परेको छ । ढुंगै ढुंगा जडान गरी छाना निर्माण गरिएका प्राय:जसो घर काठको फल्याक अथवा तख्ताले छाएको देखिन्छ । माटो र आधुनिक सिमेन्ट प्रयोग नगरी निर्माण गरिएका उक्त घरहरुको पुरानो काष्ठ कलाले उनीहरुको इतिहास झल्काउँछ । भेंडाको ऊनबाट आफैले तयार पारेको परम्परागत तामाङ्ग शैलीमा














आधारित पोशाक लगाउने चलन यहाँ रहेछ । आफ्नै पाराको बसोबास, चालचलन र रितिरिवाज भएको उक्त गाउँमा धार्मिक तथा सांस्कृतिक सीमसार क्षेत्रको बारेमा सहभागिता मूलक छलफल कार्यक्रम गरिएको थियो । ९५ प्रतिशत भन्दा पनि बढी तामाङ्ग जातीहरुको बसोबास रहेको उक्त क्षेत्रमा परापुर्व कालदेखिका धार्मिक एवम् अलौकिक शक्ति सम्पन्न छेदिङ्गमो कुण्ड रहेको स्थानिय बासिन्दाहरु बताउँदछन् । गतलाङ्ग गा.वि.स. वार्ड नं. ५ गाउँको सिरानमा २,५५० मीटरको उचाईमा अवस्थित छेदिङ्गमो कुण्डलाई २०४० सालदेखि पार्वती कुण्ड नामाकरण गरिएको तर्क सहभागीहरुले दिनु भयो ।

एक आपसमा छलफल गर्दै सौहार्दपूर्ण वातावरणमा सहभागीहरुले गतलाङ्ग गाउँ, पार्वती कुण्ड, पानी कुवा, अन्य पोखरी, धारा, खोल्सा, खोला, देवीस्थान, ऐतिहासिक स्थल र प्राकृतिक स्थलहरुको स्रोत नक्सामा चित्रण तयार पार्नु भयो ।











**छयेपाच्यी फोलोनी सिना सो**


**छये........ पा ....... च्यी ........ हे ........ फोलो**


**छये ........पा ....... न्यी ......... हे ........ फोलो**




## पार्वती कुण्ड वरिपरि पाइने सीमसार क्षेत्रहरु

पवित्र पार्वती कुण्ड स्वच्छ जलको लागि महत्वपूर्ण भण्डार हो । उत्पत्तिकाल देखि जंगलको छेउमा रहेको कुण्डको एक छेउबाट पानी बगेर सानो खोल्साको रुपमा गाउँकै छेउबाट पार्वती खोलाको नाउँले निकास भएको छ । गाउँको उत्तर, पूर्व र दक्षिण भएर गतलाङ्ग खोला बगेको छ भने गाउँ छेउमा रहेको हयेस्थोङ पोखरी हाल सुकेको अवस्थामा छ । त्यसै गरी पार्वती कुण्ड देखि माथिल्लो क्षेत्रमा रहेको हेवीङथा पोखरी हिउँदमा सुक्ने गर्छ । पहिला ती पोखरीहरुमा पानी हुने गर्दथ्यो भनी छलफलमा सहभागी बृद्वहरुले बताए । गाउँको पूर्व, पश्चिममा परम्परागत प्राकृतिक जंगल रहेको छ र उक्त जंगल भित्र वा छेउ-छेउमा प्रशस्त सिमसार क्षेत्रहरु पाईन्छ । त्यस क्षेत्रमा पानीको धारा आदि पाइन्छ भनी छलफलका सहभागीहरुले बताए ।








**चित्र नं**. **१**: सहभागितामुलक छलफलबाट चित्रण गरिएको श्रोत नक्सा ।




**चित्र नं**. **२**: पार्वतीकुण्डको सहभागितामुलक नक्सा ।




**चित्र नं. ४**: पार्वतीकुण्डको साँस्कृतिक र परम्परागत महत्वको नक्सा ।




**चित्र नं. ३**: पार्वतीकुण्ड र पाङ्र्कोतोङ ।



## धार्मिक, सांस्कृतिक मान्यता

पार्वती कुण्ड र यसको उत्पति बारे गाउँका बृद्ध, बुद्धिजीवी व्यक्तिहरुसँग जान्ने जिज्ञासा राख्दा वर्ष ६७ का अण्डु तामाङ्ग भन्नु हुन्छ -

"पार्वती कुण्ड हजारौं वर्ष पुरानो छ र यसको उत्पत्ति बारे खास त्यस्तो ज्ञान कसैलाई पनि छैन । यो कुण्ड पहिला एकदमै घना जंगलको बीचमा रहेको थियो । हामी गाउँलेहरु सधैं यस कुण्डमा पुजा गर्न र मनको ईच्छा पोख्न जाने गर्दछौं । विशेष गरी यहाँ साउन पूर्णिमाका दिन भव्य रुपले धार्मिक मेला लाग्ने र सबैजनाले अन्न, फलफुल, तुल (सेतो धजा) र दुध लगेर चढाउने परम्परा छ । एक वखत दुईजना व्यक्ति मोटर साईकलमा आएर गाउँलेहरुलाई अब यस कुण्डको वोजो सबै निकाल्नु पर्छ, त्यसपछि पोखरी सफा हुन्छ र राम्रो देखिन्छ भनि सबैजना भेला हुनु पर्‍यो भनी गाउँमा खबर पठाएछन् । गाउँका मानिसहरुले पोखरीको बोजो निकाल्नु नहुने र त्यसो गरेमा समाजमा अनिष्ठ हुने र कुण्ड रिसाएर बाढी, पैरो, दुःख, पिडा जस्ता अशुभ घटना गाउँ-घरमा घट्न सक्ने कुरा बताएर ती व्यक्तिहरुलाई फर्काइ दिएछन् । पछि आएर नेपाल सेनाले कुण्डको पूर्व पट्टि रहेको रुख काटि दिएपछी कुण्डको बीच भागमा रहेको बोजोको घुम्ने ढिस्कनो घुम्न छाडी कुण्डको माथिल्लो भित्तामा गई टाँसिएर बसेको छ ।"

गतलाङ्ग बासी अण्डु तामाङ्ग दियालो बाल्दै भन्नु हुन्छ-



"पोखरी, ताल, कुण्डहरुमा भगवान् बस्नु भएको हुदा ती शक्तिशाली हुँदा रहेछन् । फोहोर, मैला अथवा नराम्रो गर्नु नहुने रहेछ । यस गाउँ छेउमा रहेको हयेस्थोङ पोखरीमा एउटा महिलाले आफ्नो लुगा लगेर धोएकीले त्यही रात उक्त पोखरी फुटेर हराएछ । आजभोलि यस पोखरीमा पानी छैन । जनविश्वास अनुसार उक्त पोखरी हालको गोसाईकुण्ड थियो जसलाई बहिनी भनि र पार्वती कुण्ड भन्दा माथि रहेको जगेश्वरलाई चाँहि दिदी नामले चिनिन्छ । महिलाको फोहोर सहन नसकी उठेर गई चिलीमे गा.वि.स.को भीर छोटाङ भन्ने ठाउँमा मानिस आउन नसक्ने ठाउँ छानेर हयेस्थोङ पोखरी फेरि उत्पत्ति भएछ । समय काल बित्दै जाँदा एक दिन गोरु पल्टेर कुण्डमा पसी कुहिन गई फोहर हुन गएछ । त्यहाँ बाट पनि नराम्रो मानी रोङगा भन्ने क्षेत्रमा गई त्यो पोखरी उत्पत्ति भएछ । गाउँलेहरुको व्यवहार नजिकिँदै जाँदा एक दिन महिलाले आफ्नो फोहोर लुगा धोएपछि मानव समाजदेखि दिक्क भएर उच्च पर्वतमा गएर बस्ने मनसाय लिएर जाँदा उक्त पोखरीले गोसाईकुण्डको रुप लिएछ । आफू गोसाईकुण्ड भएपछि आफ्नी दिदी जगेश्वरलाई दिदी हामी यहाँ आइ पुग्यौं, तपाईसँग भएको बास्ना आउने डालिङ्ग फुल मलाई कोसेली पठाईदिनु ल भनी खबर पठाइछन् रे । उता दिदी जगेश्वर कुण्डले पनि अब मेरी बहिनी कसैले पनि फोहर गर्न नसक्ने गरी म भन्दा पनि उच्च ठाउँ गोसाईकुण्डमा गईन् भनी बास्ना नआउने डालिङ्ग फुल कोसेली पठाईदिईछन् । दिदीको कोसेली पाएपछि बहिनीले पनि दिदीलाई भनी जुका कोसेली पठाईदिईछन् । त्यसैको फलस्वरुप अचेल जगेश्वरमा बास्नादार डालिङ्ग फूल पाइने तर जुका अति धेरै र गोसाईकुण्डमा बास्ना रहित डालिङ्ग फुल पाइने गरेको हो । त्यसैले नै आजको गोसाईकुण्डमा फोहोर गर्न थाल्यो भने सुक्न वा हराउन पनि सक्छ ।"





## दावोस्या तामाङ्गको एउटा घटना

गतलाङ्ग निवासी श्रीमती दावोस्या तामाङ्ग आफ्नो जीवन कालमा प्रत्यक्ष घटेको घटना यसरी सुनाउनु हुन्छ -

"विवाह भएपछि मेरो कोखबाट राम्रोसँग सन्तान प्राप्त हुन सकेन । कहिले महिना नपुगी खेर जाने त कहिले मरेको बच्चा जन्मने जस्ता घट्ना भई दिक्क भईसकेको थिएँ । यस अवस्थामा गाउँ-घरमा भई आएको धामी-झाँक्री प्रथा अनुसार साउन पूर्णिमाका दिन विहानै शरीर नुहाएर धामीको सल्लाह अनुसार सेतो बाख्रोको दुध, रातो गाईको दुध, स्वच्छ फुल, मकै र चरु आदि सफा मनले भुटेर झाँक्री बस्दै पार्वती कुण्ड गएँ । कुण्ड पुगेपछि धामीले एउटा सग्लो (नबिग्रिएको) फूल दिएर श्रीमानसँग कुण्ड भित्र गएर बल मागिदिनु भयो । उसै रात सपनीमा छहरा झैं झरीरहेका सुनका दुईवटा धारा र दुईवटा राम्रो सुनका घैला भरिरहेको देखें, बिउँझेर सम्झँदा अचम्म लाग्यो, कस्तो सपना होला भनी सम्झें । त्यसको एक महिना पछि गर्व रहन गयो र पहिलो छोरा सकुसल जन्माए । त्यसपछि दोस्रो पनि छोरा त्यसरी नै भयो । हाल हाम्रो ९ र १२ वर्षका दुई छोरा छन् जो पार्वती कुण्डमा पुजा गर्नाले नै जन्मेका हुन् । त्यसरी सपनीमा दुई धारा र घैला देखाएर दुई सन्तान पो दिएका रहेछन् भनी आज सम्झन्छु । पहिला पहिला पार्वती कुण्ड भित्र महिला पस्नु हुदैन भन्ने सामाजिक मान्यता थियो र कोहि छोरी मान्छेहरु पनि पस्दैनथे ।"

गतलाङ्ग निवासी प्लेक्ताङ तामाङ्ग पार्वती कुण्ड बारे आफ्नो अनुभव भन्नुहुन्छ -





"गच्छे अनुसार प्रसाद र झण्डा लिई पुजा गर्न आउने भक्तजनहरु र धामी-झाँक्रीहरुले गाएको गीत सुनेर र नाचेको देखेर कुण्डको एक छेउमा रहेको बोजोको भाग (स्थानिय भाषामा पाङर्कोतोङ) घुम्दै आउने गर्दथ्यो । तर आज भोली त उक्त भाग घुमेर आउन छाडेको छ । पहिला-पहिला त आउने र फर्कने गर्दथ्यो, केहि न केहि त भएको होला । विशेष गरी साउन पूर्णिमाका दिन विभिन्न गाउँबाट धामी, झाँक्री, आदि नाच्दै गाउँदै यस पार्वती कुण्डमा आउने गर्दछन् । गाउँघरका सबै मानिसहरु त्यस दिन उक्त कुण्डमा पूजा गर्न जान्छन् । त्यसरी पार्वती कुण्डको पूजा गर्नाले दु:ख, कष्ट हट्ने, मनमा शान्ती पाईने र आफुले चिताएको कुरा पुरा हुने विश्वास छ । हाम्रा बाबु बाजेकै पालादेखि चली आएको परम्परा पार्वती कुण्ड बिना पूर्ण हुदैनन् ।"

"गतलाङ्ग वासीहरुको मुटु रहेको धार्मिक सास्कृति पवित्र सीमसार पार्वती कुण्ड हरेक जीवनको अभिन्न अंग रहेछ ।"

गतलाङ्ग-१ निवासी अविनाश तामाङ पार्वती कुण्ड बारे आफ्नो अविस्मरणीय क्षण यसरी व्यक्त गर्नुहुन्छ -



"पार्वती कुण्ड रसुवा जिल्लाको पुरानो रमणीय र लुप्त अवस्थामा रहेको धार्मिक स्थल हो । सदरमुकाम देखि ३४ कि.मी. टाढा गतलाङ्ग गा.वि.स.-५ मा रहेको यस कुण्डको स्थानीय नाम छेदिङमो हो । विशेष गरी जनै पूर्णिमामा मेला लाग्ने गर्दछ । तर यहाँका गाउँलेहरुको भने महिनाको चार पल्ट (१० तिथी र औसीमा) पुजा गर्ने चलन छ । यस कुण्डमा मैले देखेको अनौठो एउटा कुरा चाँहि के हो भन्दा २०५८ साल भदौ महिना जनै पूर्णिमाको दिन म पनि उक्त कुण्डमा गएको थिए, म त्यहाँ पुग्दा पोखरीको छेउमा स्थानीय बुढि आमा-बाहरु गीत (छेप्पाफुल्पा) गाएर नाचिरहेका रहेछन् । उहाँहरुले हातमा स्थानीय चलन अनुसारको फलफुल, रातो, सेतो झण्डा (दार्जे) र चोखो दुध लिएर बसेका रहेछन् । त्यसैबेला बोजो भएको एक भाग (पाङर्कोतोङ) अलि माथि थियो । त्यो बोजो सहितको भाग तल बिस्तारै चलेको नदेख्ने गरी फन्को मार्दै त्यही मान्छेहरु भएको ठाउँसम्म आईपुऱ्यो । छेप्पाफूल्पा गाउँदै नाच्ने मानिसहरुले खुशी साथ नाच्दै फलफुल र झण्डा चडाए । केही क्षण पछि बोजोको भाग (पाङर्कोतोङ) पहिलाकै ठाउँमा फर्कियो । हाम्रो आँखाले हेर्दा चलिरहेको नदेखिएता पनि मन्द गतिमा आफै फन्को मार्दै आउँदो रहेछ । यस्तो प्रकृया सधैं चल्छ भन्ने एकिन हुँदैन । औंसी, पुर्णिमाहरुमा कहिले-काँहि चल्न सक्छ ।"

"दर्शन गर्न जाँदा बोजोको भाग पुजा लिन आएमा कुण्ड खुशी भएको, राम्रो दर्शन पाएको र आफ्ले गरेको कार्य सफल हुने विश्वास समाजमा रहेका छ ।"

- छलफलका एक सहभागी

"पार्वती कुण्डमा पहिला-पहिला त ढेंग्रो, झ्याली बजेको आवाज सुनिन्थ्यो । केटी वा महिलाहरु त्यहाँ भित्र पस्न हुँदैन थियो । तर अहिले जुठो परेर त्यस्तो आवाज आउन छाडेको छ ।

खाना नखाइ सेतो तुल, कपडाको झण्डा, रातो गाई, सेतो बाख्राको दुध, फलफुल र करु सफा भाडामा भुटेर वर्ष दिनको कोसेली भन्दै पुजा गर्ने यहाँ हाम्रो चलन छ ।

सर्वप्रथम पोखरी बाहिर स्थानीय कुखुराको अण्डा (नापुम), कालो धजा, भेडाको ऊन पोखरीमा पस्न नदिने भुतलाई भनी चढाउनु पर्छ । कुण्डभित्र रानी देवता बसेको जनविश्वास हुँदा उसको रक्षाको निम्ति बसेको भुतलाई पहिला मान-सम्मान गर्नु पर्ने धार्मिक तथा सांस्कृतिक परम्परा यहाँको छ । जब भित्र प्रवेश गरिन्छ, त्यहाँ भित्र भएका हरेक देवता, देवीहरुको पुजा-आजा, प्रार्थना गर्दै उक्त अन्न, दुध, फलफुल वर्षदिनको कोसेली भनी चढाउँदै आयु दिनुहोस्, वरदान दिनुहोस्, पशु, धन, सम्पति दिनुहोस्, पानी वा खेती वालीको लागि राम्रो मौसम दिनुहोस् भनि मागिन्छ । त्यसैगरी छोरा-छोरी नहुनेले सन्तान माग्ने र त्यसरी गाउँघरका थुप्रैको सन्तान भएको घटनाहरु पाइन्छ ।"

- छलफलका सहभागीहरु

परम्परागत धामी-झाँक्री गर्नु हुने वर्ष ५४ का छेजेरुप तामाङ्ग (साङदान) आफ्नो बाबु बाजेकै पाला देखि धामी-झाँक्री गर्ने परम्परा रहेको बताउनु हुन्छ । आफ्नो पुरानो रितिरिवाज अनुसार गाउँघरमा सेवा गर्नको लागी पार्वती कुण्ड जाने भन्नु हुन्छ छेजेरुप तामाङ्ग ।



धामी छेजेरुप तामाङ भन्नुहुन्छ-

"हाम्रो धामी-झाँक्री भाषामा पार्वती कुण्डलाई छेदिङमो भनी बोलाउछौं । पाङकोंतोङलाई अयाङन्यी माई जरी खोउ अर्थात तपाई हामीकहाँ आउनु होस् भनी धार्मिक भाषामा सम्बोधन गरि मान सम्मानका साथ अनुरोध गर्नु पर्दछ । हामी यस कारण तपाईको शरण भरोसा गर्दै आएको भन्दै पुजा गर्नु पर्दछ । हामीले पुजाको लागि भनी आफुसँग लगेर गएको झण्डा, दुध, चिरु, अन्न, फलफुल लिन हामी भएको ठाउँमा आउनुहोस् भनी बताउनु पर्छ । त्यस पछि, आइग्लारी अयाङटीन्यू अर्थात हामीले गरेका इच्छा पुरा होस् भनी विदा माग्नु पर्दछ । समाजमा भएका युवा-युवतीहरुको विवाह बन्धन अथवा विवाह पछिको सफल जीवनको लागि पार्वती कुण्ड गई उनीहरुको मनोकांक्षा पूरा होस् भन्नाको निमित्त वर-वरदान मागिदिनु पर्ने हुन्छ । गाउँका थुप्रै युवा-युवतीहरुको कार्य यसरी हामीले गरिसक्यौं । त्यसै गरी छोरा-छोरी नहुनेहरुले सन्तान मागीदिनुस् भन्न आउँछन् । सबै सर-सामान तयार पारी उक्त कुण्डमा गई सन्तान पाउने वरदान मागिदिन्छु । त्यसरी कर्म-काण्ड गर्दा गाउँ-घरमा धेरै जनाको सन्तान भएको पनि छ । समयमा पानी परेन, खडेरी पर्‍यो भने, अन्न पात राम्रो नभए पशु-पालन राम्रो नभए, गाउँ-घरमा रोग व्याधि बिरामी भएमा उक्त कुण्ड कहाँ गई पुजा-आजा गर्ने हाम्रो गाउँको परम्परा छ । साउन पूर्णिमाको दिन डालोमा नयाँ मकै, गहुँ, कोदो, चरु, राखेर कुण्ड सेबुम्बा से-होइ, भन्दै अन्न राखेको डालो (छेना) बोकेर छे-सुचीम बप्ला भन्ने गीत गाउँदै, नाच्दै वर्ष दिनको हाम्रो कमाई यहाँहरुको दर्शन र प्रसादको लागि हामी आएका छौं, अन्नको सह, आयु र अर्को वर्षको लागि राम्रो मौसम होस् भनी प्रार्थना गर्छौं भनी इच्छा राख्ने थलो हो यो हाम्रो पार्वती कुण्ड ।"

## गाउँ-घरमा पानी नपरी सुक्खा मौसम वा खडेरी भएमा

यस्तो वातावरणीय असहज परिस्थितिमा पार्वती कुण्डसँग गतलाङ्ग बासीहरुको परम्परागत धार्मिक तथा सांस्कृतिक व्यवहार रहेछ जसलाई उनीहरु जोगीध्येपा भन्दा रहेछन् । एक जनालाई जोगी बनाउने, अनुहारमा विभिन्न रङ्ग, मोसो लगाईदिने र कुण्डको वरिपरि दौडन लगाउने प्रचलन रहेछ । जोगीकै भेष लगाई दौडने बाहेक पोखरीको उत्तर तर्फ रहेको दुईवटा कुण्डको मुहानको रुपमा रहेको बुलुक-बुलुक गरी उम्लने पानीको मुल्कोमा गई उफ्रने, कराउने, जाँड पोखाउने जस्ता कार्यहरु गरी फर्कदा गाउँ-घरमा नपुग्दै मौसम परिवर्तन हुन गई आकाश गर्जने, पानी पर्ने पुरानो प्रथा रहेको कुरा छलफल कार्यमा सहभागीहरुले बताउनु भयो ।

















मौसम परिवर्तनकै कुरा गर्दा गाउँका बुढा-पाकाहरु यसो भन्नुहुन्छ-

**“पहिला पहिला हिउँदको समय लामो हुने गर्थ्यो । हिउँ पनि धेरै मात्रामा पर्थ्यो जसले गर्दा गाउँको पुछार सम्म धेरै महिना सम्म पनि नसकिने गरी हिउँ रहिरहन्थ्यो तर आजभोली त धेरै कम समय सम्म मात्रै रहने गर्दछ ।”**






गतलाङ वासीहरुको लागि अति महत्वपूर्ण रहेको पार्वती कुण्डको सन्तान र धन-सम्पति प्राप्ती, अन्न खेती, पशुपालन, जीवन, सुख दुःख साथै मौसम वा जलवायुसँग अन्योन्याश्रित सम्वन्ध रहेको छ । गतलाङ वासीहरुमा संस्कार र परम्पराको संरक्षण र बुद्धिमता पूर्वक उपयोग सिद्धान्तसँग मिल्न आउने परम्परागत ज्ञान, सीप र कला भरिपूर्ण देखिन्छ । आधुनिक वैज्ञानिक समाज, सीमसार संरक्षण कार्यक्रम र दिगो जिविकोपार्जनको लागि यस्तो परम्परा अपरिहार्य हुन सक्छ ।

पार्वती कुण्ड र गतलाङ गा.वि.स. मा रहेको ऐतिहासिक थलो; अर्थात उक्त क्षेत्रको पश्चिम उच्च डांडामा अवस्थित हजारौं वर्ष पुरानो घले दरबारको भग्नावशेष ऐतिहासिक स्थल मध्येकै एक हो । अति पुरानो उक्त दरबारको पछाडी पट्टि पानीको ईनार र छेउमा ओखल देख्न पाइन्छ । गुराँस र धुपि सल्लाको जंगलभित्र रहेको उक्त घले दरबारलाई गाउँ-बासीहरुले पुजा गर्ने प्रचलन रहि आएको छ ।

गतलाङ्ग गाउँको छेउमा एउटा सामुहिक देवीस्थान रहेको छ जहाँ ठूलो ढुंगाको आडमा उभेर रहेको ठूलो रुखमा प्रत्येक साल गाउँलेहरु मिलेर सामुहिक रुपमा कुखुरा, अण्डा लिई पुजा गर्ने परम्परा रहेछ । यसरी प्राकृतिक पुजा गर्ने चलन बुद्ध धर्म भन्दा पहिलाको धार्मिक परम्परा मानिन्छ ।

गाउँको विभिन्न ठाउँमा माने, छोर्टेन बनाएर राखेको पाइन्छ । सहभागीहरुले सामुहिक छलफल गर्ने क्रममा बताउनु भए अनुसार त्यस्तो धार्मिक कार्य (माने र छोर्टेन)ले गाउँ-घरको रक्षा गर्ने विश्वास छ । त्यसैगरी गाउँको सीरान क्षेत्रमा रहेको गाउँ कहिले देखिको बस्ती हो र मानिसले कहिले त्याग गरेको भन्ने केही जानकारी नभएको सहभागीहरु बताउँदछन् । हाल ३-घरका मानिसहरु मात्र त्यस गाउँमा बसोबास गर्दा रहेछन् ।














## सीमसार, जैविक विविधता र संरक्षणमा धार्मिक परम्पराको भूमिका



लाङटाङ राष्ट्रिय निकुञ्ज भित्र नपरे पनि धार्मिक तथा सांस्कृतिक रुपले महत्वपूर्ण पार्वती कुण्ड परिसरमा रहेको परम्परागत जंगल विभिन्न प्रकारको बनस्पति, जडिबुटी, खान हुने च्याउ, जंगली फूल पुतली, फलफुल, चरा, नवचर, उभयचर र वन्यजन्तु आदिको लागि महत्वपूर्ण वासस्थानको रुपमा रहेको छ। धार्मिक मान्यताकै कारण उक्त कुण्ड परिसरमा रहेको वन जंगल फडानी हुनबाट संरक्षित छ। पवित्र पार्वती कुण्ड भित्र औषधिको रुपमा रहेको बोझ्रो धार्मिक आस्थाकै कारण संरक्षीत रहेको छ। उक्त बोझ्रोको संरक्षण हुँदा महत्वपूर्ण तीन प्रकारको पाहा प्रजातीहरुको वासस्थान त्यस ठाउँमा संरक्षित भएको र पहिला पहिला पानी हाँस आई कुण्डमा खसेको पात सफा गर्ने गर्दथ्यो भन्ने कुरा सहभागीहरु बताउँदछन्।

उक्त कुण्ड परिसरमा कालिज, ढुकुर, चिल, लाटोकोसेरो लगायत थुप्रै रैथाने र आगन्तुक पंक्षीहरु बस्ने र बच्चा हुर्काउने गर्दछन्। त्यस घना जंगलमा के-कस्ता वृक्ष, जडीबुटी फूल वा फल पाइन्छ भन्ने अध्ययन नभए पनि वनमा विभिन्न रङ्गका खान हुने च्याउहरु पाइन्छ भनी सामुहिक छलफल र स्थलगत अध्ययन, अनुसन्धान










गर्ने क्रममा सहयोगी सहभागीले बताउनु भयो । त्यसै गरी रतूवा मृग, घोरल, वन विरालो, स्याल, मलसाप्रो, चितुवा जस्ता वन्यजन्तु पनि यसको वरिपरि बस्ने गर्दछन् । धार्मिक मान्यता अनुसार शिकार, काटमार गर्न नहुने भएकोले त्यस्ता जंगली जनावर र अनेक प्रकारका वनस्पति आदिको संरक्षण भएको र त्यस्ता जीवहरुको संख्या पनि वृद्धि भई रहेको कुरा सहभागीहरु बताए । पवित्र पार्वती कुण्डको एक छेउ बाट कुण्डको पानी खोल्सीको रुपमा निकास भएको छ । गतलाङ गाउँको एक छेउ भएर बग्ने पार्वती खोला छ । त्यस स्वच्छ पानी भएको खोलामा पाइने पाहा गाउँ-घरमा परम्परागत मानव स्वास्थ्यको लागि बहु उपयोगी मानिन्छ । परा-पुर्वकालदेखि यस्तो कार्यको लागि उपयोगमा आएका यस प्रकारको पाहाको त्यस सीमसार क्षेत्र वासस्थान रहेको कुरा सहभागी बताउनु हुन्छ । खान स्वादिलो मानिने पाहा प्रजातीहरु आफ्नो परम्परागत मध्येकै परिकार मानिने पनि सहभागीहरु बताउनुहुन्छ । पार्वती खोला भई कुण्डको पानीले घट्ट संचालन गरी आय-आर्जन हुने कार्यमा समेत पार्वती कुण्डले सहयोग गरेको पाइयो । स्थानिय स्तरमा हुने अन्न, मकै, गँहु, कोदो, फापर, जौं, चरु आदि पिस्न हुने पानी घट्टहरु लस्करै पार्वती खोलामा निर्माण गरिएका रहेछन् । वातावरणीय दृष्टिकोणले पनि राम्रो मानिएको ग्रामीण प्रविधि सामुदायिक गाउँ घर जस्तै गरी बनाएको देखिन्छ ।







पार्वती कुण्ड परिसरमा भएका देवताहरुको पुजा-आजा गर्नको लागि चाहिने परम्परागतबाट प्रयोग गरी आएको अन्न वालीहरु जस्तै चिरु, स्थानिय जातका कुखुराको अण्डा, भेडाको ऊन, दुध चडाउनको लागि बाखा, गाई, प्रजातीहरुको घरमा संरक्षण गर्नु पर्ने परम्पराले कृषि र जैविक विविधता संरक्षणमा सीमसार क्षेत्र पवित्र पार्वती कुण्ड र धार्मिक मान्यताको योगदान पुऱ्याएको कुरा गाउँका बुढा-पाकाहरु बताउँदछन् ।



धार्मिक तथा सांस्कृतिक महत्व मात्रै नभई उच्च पहाडी वातावरणमा राम्ररी फल्ने गँहु, चिरु प्रजातीहरु, हिमाली बासीहरुको लागि मुख्य खाद्यान्न सुरक्षाको लागि महत्वपूर्ण भूमिका खेल्ने स्थानीय कृषि विविधता र प्रविधि परम्परागत रुपमा यहाँ संरक्षण भएको पाइन्छ ।

पवित्र पार्वती खोला गतलाङ खोलामा मिसिएर बनेको सीमसार क्षेत्रमा धान खेती गरिंदो रहेछ । गतलाङ गाउँ छेउमा रहेका अन्य सीमसार क्षेत्रबाट आएको पानीलाई स्थानिय स्तरमा प्राप्त हुने रुखको बोक्राबाट धारा बनाइ काममा जाने बटुवाहरुको लागि मात्र नभई पंक्षी र वन्यजन्तुहरुका लागि समेत स्वच्छ जल उपलब्ध गराउने चलन रहेको छ । उभयचरहरुले आफ्नो सन्तान हुर्काउन प्रयोग हुने सीमसार क्षेत्र महत्वपूर्ण हुन्छ । त्यस्ता सीमसार क्षेत्रहरु सानै भए पनि विभिन्न वनस्पतिहरुका संरक्षण लगायत वातावरण स्वच्छ राख्नमा सहयोगी सिद्व हुने गरेको छ ।











स्वच्छ पानी भएको सीमसार क्षेत्र घरेलु प्रयोजन, सर-सफाई, घर-पालुवा पशु-पंक्षी, वन्यजन्तु आदिको लागि प्राकृतिक रुपमा उपलब्ध भएको पाइन्छ । त्यस्तो प्राकृतिक स्वच्छ जल भएको सीमसार परिस्थितिकिय प्रणालीमा पाइने सुन्दर प्रजातीका फुल र पुतलीहरु, खानेकुरा बटुल्न व्यस्त भमरा आनन्द मनाइरहेका ड्रागनफ्लाइ, औषधीको रुपमा प्रयोग हुने वनस्पतिहरु सीमसार क्षेत्रमा आश्रित वनस्पति र जैविक विविधता हुन् ।













प्राकृतिक तथा दैवी शक्ति युक्त मानव स्वास्थ्य र आत्मीय स्वच्छीकरणका लागि महत्वपूर्ण मानिएको तातो पानी सीमसार क्षेत्र (रसुवा जिल्लाको चिलिमे गा.वि.स.मा पर्ने) परापूर्वकालदेखि धर्म र कर्मले पवित्र मानिएको छ । अटुट रुपमा तातो पानी आइरहने उक्त ठाउँलाई स्थानिय तामाङ्गहरुले यु-चेत भन्ने गर्दथे । परम्परादेखि प्राकृतिक रुपमा आइरहेको मुहान देखि पानी धारा बनाई नुहाउने चलन थियो । पछि गएर उक्त मुहानदेखि केहि तल पाइप राखी सिमेन्ट प्रयोग गरी पोखरी र धारा जडान गरीएको छ । स्थानीय बासीहरु भन्नुहुन्छ केहि वर्ष यता पानीको तातोपनामा केहि कमि आएको छ ।

हाड जोड्नी दुख्ने, बाथ रोग, चर्म रोग, हातखुट्टा पोल्ने, झमझमाउने लगायत अन्य थुप्रै रोगहरु ततो पानीमा नुहाउनाले निको हुन्छ भन्ने धार्मिक तथा सांस्कृतिक विश्वास रहेछ । हजारौको संख्यामा विरामी र भक्तजनहरु वर्षेनी आउने जाने गर्दा रहेछन् । यस्तो विलक्षण प्रतिभा भएका सीमसार क्षेत्रहरुको संरक्षण र बुद्धिमता पूर्वक उपयोग गर्नु हाम्रो दायित्व पनि हो । उपरोक्त सिद्वान्तहरुको सही सदुपयोग नहुँदा महत्वपूर्ण प्राकृतिक सम्पदाहरु सदाको लागि हामीबाट विदा भइसके र कति हुने अवस्थामा छन् । त्यस्ता अमूल्य सम्पतिहरुको संरक्षण, सम्बर्धन र दिगो जीवीकोपार्जनको लागि बुद्विमता पूर्ण प्रयोग बारे शिक्षा, जनचेतना अभिबृद्वि जस्ता कार्यक्रम तय गर्नुपर्ने देखिन्छ । अनियन्त्रित पर्यटन विकास, आधुनिक विकास र व्यापार प्रवर्धन जस्ता कार्यले यस्ता स्वच्छ जलका सीमसार क्षेत्र र प्रविधिहरु हराउन जान सक्ने अवस्था देखिन्छ ।




Hot













WWF Nepal acknowledges with gratitude the support received for the Freshwater Program from all our partners, donors and supporters:
Government of Nepal; Ministry of Forests and Soil Conservation (MFSC); Department of National Parks and Wildlife Conservation (DNPWC); Department of Forests (DoF); Department of Plant Resources; Water and Energy Commission Secretariat (WECS); WWF International; WWF UK; WWF US; WWF Netherlands; WWF Finland; WWF Sweden; Swedish International Development Cooperation Agency (SIDA); International Water Management Institute (IWMI); and Community Based Organizations



२०२९ सालमा नेपालले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐनको निर्माण गरेर वन्यजन्तु संरक्षणको आधुनिक युगमा प्रवेश गरेको थियो। राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको ९ वटा राष्ट्रिय निकुन्ज, ३ वटा वन्यजन्तु आरक्ष, ३ वटा संरक्षण क्षेत्र र १ वटा शिकार आरक्ष लगायत ९ वटा मध्यवर्ती क्षेत्रको सञ्जाल रहेको छ। यी सवै गरेर नेपालको कूल भू-भागको १९.४ प्रतिशत अर्थात २८,५८५.६७ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ।

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको प्रमुख उद्देश्यहरुमा नेपालका बहुमूल्य तथा विभिन्न वन्यजन्तु तथा वनस्पति तथा भू-दृश्यको संरक्षण, सुरक्षा एवं पुर्नोत्थान गर्नु रहेको छ।

सन् १९८७ मा नेपाल रामसार महासन्धीको सदस्य राष्ट्र भएको थियो। राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग यस महासन्धीको नेपाल कार्यान्वयन गर्ने प्रमुख निकायको रुपमा रहेको छ।

जैविक विविधताको संरक्षणका निम्ति सन् १९६१ मा स्थापना गरिएको डब्लु डब्लु एफ एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो। स्वीट्जरल्यान्डको ग्लँमा केन्द्रिय कार्यालय रहेको यो संस्था ९० भन्दा बढी राष्ट्रहरुमा क्रियाशील छ। डब्लु डब्लु एफ एक स्वतन्त्र, गैरसरकारी, गैरराजनितिक, गैरधार्मिक र नाफारहित संस्था हो।

डब्लु डब्लु एफले विश्वको प्राकृतिक वातावरणलाई निम्नीकृत हुनबाट जोगाई तल उल्लिखित कार्यहरूमार्फत मानिस र प्रकृतिबीच सामञ्जस्य रहने भविष्यको निर्माण गर्ने ध्येय राख्दछ :

- विश्वको प्राकृतिक विविधता जगेर्ना गरेर,
- पुनः प्रयोजनमा आउने प्राकृतिक स्रोतको दिगोपनलाई सुनिश्चित गरेर,
- प्रदूषण र अपव्ययी उपभोग न्यून गरेर।

**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग**
पो.ब.नं. ८६०, बबरमहल, काठमाडौं, नेपाल
फोनः ९७७-१-४२२०८५०, ४२२०९१२, ४२२७९२६
फ्याक्सः ९७७-१-४२२६६७५
ई-मेलः dnpwc@bdcin.wlink.com.np
वेबसाइटः www.dnpwc.gov.np

**डब्लु डब्लु एफ नेपाल**
**स्वच्छ जलसम्पदा कार्यक्रम**
पो.ब.नं. ७६६०, बालुवाटार, काठमाडौं, नेपाल
फोनः ९७७-१-४४३४८२०, ४४३४९७०, ४४१०९४२
फ्याक्सः ९७७-१-४४३८४५८
ई-मेलः info@wwfnepal.org
वेबसाइटः www.wwfnepal.org
www.panda.org/freshwater